# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३

ओखलढुङ्गा
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल
२०७३

कोशी प्रदेश, नेपाल

पत्र संख्या : ०८३/८४
चलानी नं. :४९५

मिति : २०८३/०६/१४
ने.सं.११४६ जंलागा, चतुर्थी

विषय - विद्यार्थी सत्यापन तथा छात्रवृत्ति सम्वन्धमा ।

श्री संस्थागत विद्यालयहरु सबै,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

प्रस्तुत विषयमा संस्थागत विद्यालय वर्गीकरण गर्न एवं संस्थागत विद्यालयहरुमा लिने शुल्क तथा वितरण गरिने छात्रवृत्तिलाई व्यवस्थित गर्न **सिद्धिचरण नगरपालिकाको संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८३ समेत** स्वीकृत भई कार्यान्वयनमा रहेको छ । उक्त कार्यविधिको विद्युतीय प्रति कार्यालयको वेव साइटमा समेत उपलब्ध छ । संस्थागत विद्यालयहरुले नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्ति वितरण तथा विद्यार्थी विवरण IEMIS मा अद्यावधिक गराउने सम्बन्धमा तपसिल बमोजिम गर्नुहुन अनुरोध छ ।

**तपसिल :**

*१) छात्रवृत्ति सम्बन्धमा*

शिक्षा ऐन,२०२८ को दफा १६ (ञ),शिक्षा नियमावलीको नियम १५१, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐनको दफा २७(३) र **सिद्धिचरण नगरपालिकाको संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८३ को परिच्छेद-४ नियम-१०** मा संस्थागत विद्यालयले विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्ति सम्बन्धमा विभिन्न व्यवस्था भएको छ । तसर्थ संस्थागत विद्यालयहरुले अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐनको दफा २७(३) मा व्यवस्था भए अनुसार देहाय बमोजिम छात्रवृत्ति प्रदान गरी सोको विवरण मिति २०८३ साल आश्विन मसान्तसम्म सार्वजनिक गर्ने साथै वितरण गरिएको छात्रवृत्तिको विवरण IEMIS मा रहेको Student Record भित्रको Scholarship button मा अद्यावधिक गर्ने:

क) पाँचसय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा दश प्रतिशत
ख) पाँचसय देखि आठसय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा बाह्र प्रतिशत
ग) आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तिमा पन्ध्र प्रतिशत

*२) विद्यार्थी सत्यापन सम्बन्धमा*

विद्यालयमा नियमित अध्ययनरत रहेका विद्यार्थीको संख्यासँग IEMIS मा रहेका विद्यार्थीको संख्या रुजु गर्ने र विवरण फरक भएमा नियमित रुपमा अध्ययनरत विद्यार्थीको विवरण मात्र IEMIS मा अद्यावधिक गर्ने।

२०८३/०६/१४

फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री शिक्षा विभाग सानोठिमी, भक्तपुर
श्री शिक्षा विकास तथा समन्वय एकाइ, ओखलढुङ्गा